# कर्मचारी सञ्चय कोष
**पुल्चोक, ललितपुर**

## बढुवा फारम भर्ने सूचना

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न पदहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ बमोजिम कार्य क्षमता मूल्यांकन बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएका कोषका स्थायी कर्मचारीहरुले बढुवाको दरखास्त फाराम भरी दरखास्त दिने अन्तिम मिति सम्ममा आफूले प्राप्त गरेको शैक्षिक योग्यता र आवश्यक कागजातको प्रतिलिपि संलग्न राखी सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र मानव संसाधन व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | तह | पद | सेवा | पद संख्या | आवश्यक न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| १/०८१/८२ | दशौं | मुख्य प्रबन्धक | प्रशासन | २ | २०८१ आषाढ मसान्त सम्म नवौं तहको वरिष्ठ प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| २/०८१/८२ | नवौं | वरिष्ठ प्रबन्धक | प्रशासन | २ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, आठौं तह, प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ३/०८१/८२ | आठौं | प्रबन्धक | प्रशासन | ४ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, सातौं तह, उप प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ४/०८१/८२ | सातौं | उप प्रबन्धक | प्रशासन | ९ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, छैठौं तह, सहायक प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ५/०८१/८२ | सातौं | उप प्रबन्धक (कानून) | प्रशासन | १ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, छैठौं तह, सहायक प्रबन्धक (कानून) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ६/०८१/८२ | सातौं | उप प्रबन्धक (सूचना प्रविधि) | प्राविधिक | १ | २०८१ आषाढ मसान्त सम्म प्राविधिक सेवा, छैठौं तह, सहायक प्रबन्धक (सिष्टम/कम्प्युटर इन्जिनियर) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ७/०८१/८२ | छैठौं | सहायक प्रबन्धक | प्रशासन | ६ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, पाँचौं तह, प्रमुख सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ८/०८१/८२ | पाँचौ | प्रमुख सहायक | प्रशासन | २१ | २०८१ आषाढ मसान्त सम्म प्रशासन सेवा, चौंथो तह, सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |

मिति : २०८१/१२/०८

सदस्य सचिव
पदपूर्ति समिति

कर्मचारी सञ्चय कोष
**पुल्चोक, ललितपुर**

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको फारम भर्ने सूचना

लोक सेवा आयोगको सहमति अनुसार कोषमा रिक्त रहेका निम्न पदहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ अनुसार आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरी पूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका कोषका स्थायी कर्मचारीहरुले दरखास्त फारम भरी सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र मानव संसाधन व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | तह | पद | सेवा | पद संख्या | आवश्यक न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| ९/०८१/८२ | नवौं | वरिष्ठ प्रबन्धक | प्रशासन | १ | दरखास्त दिने अन्तिम मितिसम्म आठौं तहको प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १०/०८१/८२ | नवौं | वरिष्ठ प्रबन्धक (सूचना प्रविधि) | प्राविधिक | १ | दरखास्त दिने अन्तिम मितिसम्म आठौं तहको प्रबन्धक (सूचना प्रविधि) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ११/०८१/८२ | आठौं | प्रबन्धक | प्रशासन | २ | दरखास्त दिने अन्तिम मितिसम्म सातौं तहको उप प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १२/०८१/८२ | सातौं | उप प्रबन्धक | प्रशासन | २ | दरखास्त दिने अन्तिम मितिसम्म छैठौं तहको सहायक प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १३/०८१/८२ | छैठौं | सहायक प्रबन्धक | प्रशासन | ४ | दरखास्त दिने अन्तिम मितिसम्म पाँचौ तहको प्रमुख सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १४/०८१/८२ | पाँचौ | प्रमुख सहायक | प्रशासन | ११ | दरखास्त दिने अन्तिम मितिसम्म चौथो तहको सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |

**पुनश्च :**

(१) कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३६ बमोजिम बढुवा हुने पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएका सबै सेवा समूहका एक तह मुनिका कर्मचारी आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि दरखास्त दिन योग्य हुनेछन् ।

(२) उक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

(३) लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।

मिति : २०८१/१२/०८

सदस्य सचिव
पदपूर्ति समिति

# कर्मचारी सञ्चय कोष

पुल्चोक, ललितपुर

## आवश्यकता सम्बन्धी सूचना

(प्रकाशन मितिः २०८१/१२/०८)

यस कोषमा रिक्त रहेका निम्न पदहरु लोक सेवा आयोगको सहमति अनुसार खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरुबाट मिति २०८१/१२/०८ गतेदेखि दरखास्त आह्वान गरिएको छ । तोकिएको योग्यता पुगेका इच्छुक आवेदकले सूचनामा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी कोषको अनलाइन दरखास्त प्रणाली https://vacancy.epf.org.np मार्फत आवेदन दिनुपर्नेछ । झुट्टा विवरण उल्लेख गरी Online फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनुपर्नेछ । म्याद भित्र दाखिला नभएको र रीत नपुगी भरिएका दरखास्तहरु उपर कुनै कारवाही हुनेछैन ।

**(क) खुला प्रतियोगिताद्वारा पूर्ति गरिने विज्ञापन नम्बर र पदको विवरण :**

| विज्ञापन नं. | तह | पद | सेवा/समूह | खुला र समावेशी | पदसंख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १५/०८१/८२ | आठौं | प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १ (एक) | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. १,१००।- (एक हजार एक सय) र थप प्रत्येक समावेशी समुहको लागि थप दस्तुर रु. ५००/- (पाँच सय) बुझाउनु पर्नेछ । |
| १६/०८१/८२ | सातौं | उप प्रबन्धक | प्रशासन/प्रशासन | दलित | १ (एक) | |
| १७/०८१/८२ | सातौं | उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) | प्रशासन/प्रशासन | खुला | १ (एक) | |
| १८/०८१/८२ | | | | मधेशी | १ (एक) | |
| १९/०८१/८२ | | | | दलित | १ (एक) | |
| २०/०८१/८२ | छैठौं | सहायक प्रबन्धक | प्रशासन/प्रशासन | खुला | ४ (चार) | |
| २१/०८१/८२ | | | | महिला | १ (एक) | |
| २२/०८१/८२ | | | | मधेशी | १ (एक) | |
| २३/०८१/८२ | | | | दलित | १ (एक) | |
| २४/०८१/८२ | | | | अपाङ्ग | १ (एक) | |
| २५/०८१/८२ | छैठौं | सहायक प्रबन्धक (कानून) | प्रशासन/कानून | खुला | १ (एक) | |
| २६/०८१/८२ | छैठौं | सहायक प्रबन्धक (सिष्टम) | प्राविधिक/सुचना प्रविधि | खुला | १ (एक) | |
| २७/०८१/८२ | | | | आ.ज. | १ (एक) | |
| २८/०८१/८२ | पाँचौं | प्रमुख सहायक | प्रशासन/प्रशासन | खुला | १२ (बाह्र) | प्रत्येक विज्ञापन पदका लागि दरखास्त दस्तुर रु. ६००।- (छ सय) थप प्रत्येक समावेशी समूहको लागि थप दस्तुर रु.३००/- (तीन सय) बुझाउनु पर्नेछ । |
| २९/०८१/८२ | | | | महिला | ३ (तीन) | |
| ३०/०८१/८२ | | | | आ.ज. | ३ (तीन) | |
| ३१/०८१/८२ | | | | मधेशी | २ (दुई) | |
| ३२/०८१/८२ | | | | दलित | १ (एक) | |
| ३३/०८१/८२ | | | | पि.क्षे. | १ (एक | |

(ख) सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानूनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

(ग) परीक्षाको किसिमः प्रमुख सहायक पदमा लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता र अन्य सबै पदहरुमा लिखित तथा अन्तर्वार्ता हुने ।

(घ) आवश्यक न्यूनतम शैक्षिक योग्यता :

(१) आठौं तह, प्रबन्धक पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर उत्तीर्ण वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(२) सातौं तह, उप प्रबन्धक पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(३) सातौं तह, उप प्रबन्धक (चार्टर्ड एकाउन्टेट) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उपाधि प्राप्त गरेको र कुनै विषयमा स्नातकोत्तर उत्तीर्ण गरेको तथा कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको ।

(४) छैठौं तह, सहायक प्रबन्धक पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको ।

(५) छैठौं तह, सहायक प्रबन्धक (कानून) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको ।

(६) छैठौं तह, सहायक प्रबन्धक (सिष्टम) पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको ।

(७) पाँचौ तह, प्रमुख सहायक पदको लागिः मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा मानविकी संकाय अन्तर्गत अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको ।

(ङ) स्थायी वा अस्थायीः स्थायी ।

(च) निवृत्तभरणः कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने ।

(छ) उमेरको हदः

(१) पाँचौ तहको पदमा दरखास्त दिने अन्तिम मितिसम्ममा अठार वर्ष उमेर पुरा भई पैतीस वर्ष ननाघेको । तर महिला र अपाङ्गको हकमा चालिस वर्ष ननाघेको ।

(२) छैठौं तहको पदमा एक्काईस वर्ष पूरा भै पैतीस वर्ष ननाघेको । तर महिला र अपाङ्गको हकमा चालिस वर्ष ननाघेको ।

(३) कार्य अनुभव चाहिने सातौं तह वा सो भन्दा माथिका तहमा दरखास्त दिने अन्तिम मितिसम्ममा एक्काईस वर्ष उमेर पुरा भई पैतालिस वर्ष ननाघेको ।

(४) वहालवाला कोषका स्थायी कर्मचारीको हकमा उमेरको हद नलाग्ने ।

(ज) परीक्षणकालः कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३२ को व्यवस्था अनुरुप हुनेछ ।

(झ) तलब स्केल र अन्य सुविधाः कोषको प्रचलित नियमानुसार हुनेछ ।

(ञ) प्रत्येक सेवा अन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा हुनेछ ।

(ट) दरखास्त फाराम र दरखास्त दस्तुर बुझाउने प्रक्रियाः अनलाइनबाट दरखास्त फाराम भर्न कर्मचारी सञ्चय कोषको Website: www.epf.org.np को Careers भित्र गई Online Application वा सोझै https://vacancy.epf.org.np बाट भर्न सकिनेछ । अनलाईन दरखास्त फाराम कगक्ष्त गरेपछि प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने दरखास्त दस्तुर Connect IPS, e-Sewa वा Khalti मार्फत बुझाउन सकिनेछ । कोषको अनलाईन दरखास्त फाराम भर्दा कुनै द्विविधा भएमा टेलिफोन नं ०१-५०१०१३२ वा ०१-५०१०१७२ मा सम्पर्क गरी वा कोषको e-mail: career@epf.org.np मार्फत बुझ्न सकिनेछ ।

(ठ) उम्मेदवारले आफूले पेश गनुपर्ने आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरु तोकिएको न्यूनतम शैक्षिक योग्यताको एक प्रति मात्र Upload गरे पुग्नेछ । सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पेश गर्नुपर्नेछ ।

(ड) दरखास्त दस्तुरः यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सूचनामा तोकिए बमोजिमको दरखास्त दस्तुर Connect IPS, e-Sewa वा Khalti मार्फत बुझाउनु पर्नेछ । यो सूचना प्रकाशन भएको २१ दिन पश्चात थप ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ । दरखास्त अस्वीकृत भएका फारमहरुको दरखास्त दस्तुर फिर्ता हुनेछैन ।

(ढ) सर्म्पक तथा लिखित परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ ।

(ण) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम २७ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ ।

(त) समकक्षता निर्धारण प्रमाणपत्रः उपर्युक्त पदहरुमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको Scan Copy अनिवार्य रुपमा गउयिबम गर्नुपर्नेछ । साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरुको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ ।

(थ) कोषको स्थायी सेवामा कार्यरत कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम १३ को व्यवस्था अनुरुप हुनेछ ।

(द) कार्य गर्नुपर्ने क्षेत्रः उप प्रबन्धक (चार्टर्ड एकाउन्टेन्ट) र सहायक प्रबन्धक (सिष्टम) पदले काठमाडौं उपत्यकास्थित कार्यालय तथा अन्य पदहरुले काठमाण्डौं उपत्यका बाहिरका शाखा कार्यालय तथा सेवा केन्द्रहरु ।

(ध) अनलाइन मार्फत प्राप्त आवेदनहरु स्वीकृत/अस्वीकृत गर्ने अधिकार कोषलाई हुनेछ ।

(न) उक्त पदहरुको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

**<u>समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशनः</u>** समावेशी समूह तर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले देहाय बमोजिमका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल प्रति समेत साथमा लिई आउनुपर्नेछ । उल्लिखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाईएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

(क) आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेशीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमाः राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(घ) अपांगका हकमाः समाज कल्याण परिषद्बाट जारी भएको अपांगता परिचयपत्र वा अपांगता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपांगताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपांगता परिचयपत्र ।

(ङ) पिछडिएको क्षेत्रका हकमाः अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोहि स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा तीन महिना अगाडी सम्मको सिफारिशको आधारमा विवाह तथा बसाईंसराईं गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाण पत्र र बसाईंसराईंको हकमा छाडेको र गएको स्थानिय तहको बसाईंसराईं गरेको खुल्ने कागजात ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**